# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, जेठ ५ गते २०३२ साल

श्री ५ को सरकार

**रक्षा मन्त्रालयको**

**सूचना**

**शाही सैनिक प्राविधिक सेवा (तेस्रो संशोधन) नियमहरू, २०३१**

शाही सैनिक प्राविधिक सेवा नियमहरू, २०१६ (यसपछि "मूल नियमावली" भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सैनिक ऐन, २०१६ को दफा १६५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छः–

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "शाही सैनिक प्राविधिक सेवा (तेस्रो संशोधन) नियमहरू, २०३१" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन्ः–

२. मूल नियमावलीको नियम ८ पछि थपः– मूल नियमावलीको नियम ८ पछि देहायको नियम ८.क थपिएको छः–

८क. बढुवाको लागि ज्येष्ठताको गणनाः– नियम ८ मा जुनसुकै कुरा लेखिएको भए तापनि शाही सेनाको प्राविधिक वा अप्राविधिक सेवामा प्रवेश गरेपछि प्राविधिक विषयमा स्नातकोपाधि प्राप्त गरी प्राविधिक सेवामा बढुवा हुने अधिकृतहरूको बढुवाको लागि ज्येष्ठताको गणना गर्दा निजहरूले स्यस्तो स्नातकोपाधि प्राप्त गरी प्राविधिक सेवामा बहाल गरेको मितिदेखि गणना गरिनेछ ।

तर निवृत्तिभरण, उपदान, विभूषण आदिको प्रयोजनको लागि प्राविधिक स्नातकोपाधि प्राप्त गर्नु भन्दा अगावैको सेवाको अवधि समेत गणना गरिनेछ ।

आज्ञाले–

फणीन्द्रराज ह्माल

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१४२

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता १८५. विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।